**पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
**कलर भिजिटिङ कार्ड साथै**
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १४ गते सोमबार ❑ 27 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नेपाल–भारतबीचको सम्बन्ध साझेदारीमा आधारितः मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल र भारतबीचको सम्बन्ध साँचो मित्रता र साझेदारीमा आधारित रहेको बताउनुभएको छ।

भारतको ७६औँ गणतन्त्र दिवसका अवसरमा भारतीय पेन्सन वितरण कार्यालय पोखराद्वारा आइतबार यहाँ आयोजित विशेष समारोहमा उहाँले आपसी विश्वास, सम्मान र सहकार्यले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशभित्र शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिकलगायत क्षेत्रमा भारत सरकार र मातहतका निकायबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्राप्त सहयोगप्रति मुख्यमन्त्री पाण्डेले आभार व्यक्त गर्नुभयो।



कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले नेपाल र भारत बिचको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक, भौगोलिक र आर्थिक दृष्टिले घनिष्ठ रहेको बताए। उनले भने, 'दुई देशबीचको सम्बन्धलाई 'रोटी–बेटीको सम्बन्ध' पनि भनिन्छ। जसले आपसी निकटता र पारिवारिक सम्बन्धलाई दर्शाउँछ ।' विश्वमा नै एक असल मित्रराष्टको उदाहरणको रुपमा नेपाल–भारत विचको संम्बन्ध स्थापित रहेको बताउदै मुख्यमन्त्री पाण्डेले भने, 'दुई देश बिचखुला सिमाना जहाँबाट दुई देशका नागरीकहरु बिना कुनै भिसा आवत जावत गर्न सक्छन्। जसले गर्दा दुई देशबिच रोजगारी, पर्यटन प्रर्वदन, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सहकार्य र सहयोग आदन प्रदानमा गर्न राम्रो अवसर मिलेको छ ।' उनले भने, 'हामीहरु बिच रहेको सांकृतीक र ऐतीहासीक सम्बन्ध हजारौ वर्ष पुरानो हो । रामायण र माहाभारतमा समेत दुई देश बिचको धार्मिक र सास्कृतिक सम्बन्धहरु जोडिएको विषय उल्लेख छ ।' नेपालमा सबै भन्दा धैरै भारतीय सेना र भूतपूर्व सेनाहरुको घर रहेको प्रदेश गण्डकी प्रदेश रहेको उल्लेख गर्दै त्यसैले पेन्सन वितरण कार्यालय पोखरा, गण्डकी प्रदेश क्षेत्रको लागी आवश्यक र महत्वपूर्ण संस्था भएको पाण्डेले बताए । नेपाल र भारत बीचको संबन्ध साँचो मित्रता र साझेदारीमा आधारित छ। आपसी विश्वास, सम्मान र सहकार्यले यी दुई देश बीचको संबन्धलाई अझ प्रगाढ बनाउदै लैजानु पर्छ । द्धिपक्षीय सम्बन्ध सुदृढ भएमायसले दुवै देशको जनताको लागी दिर्घकालीन लाभ मिल्ने भनाई राखे।

गण्डकी प्रदेश भित्रको बिकास निर्माण, शिक्षाको क्षेत्र, स्वास्थ्यको क्षेत्र लगाएत विभिन्न धार्मीक र सांस्कृतिक क्षेत्रमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा भारतीय सरकार र मातहतका निकायबाट प्राप्त सहयोगकालागि गण्डकी प्रदेश सरकारको तर्फबाट धन्यवाद दिन चाहान्छु। साथै, आउँदा दिनहरुमा पनि यसरी नै सहर्काय हुनेछ भन्ने गण्डकी प्रदेश सरकारको अपेक्षा राख्दै भारतको ७६ औं गणतन्त्र दिवसको सु–अवसरमा आयोजीत यस कार्याक्रममा उपस्थित हुने अवसर प्रदान गरेकोमा भारतीय राजदुतवास पेन्सन वितरण कार्यालय पोखरालाई धन्यवाद व्यक्त गरेका थिए। पेन्सन क्याम्प पोखराका प्रमुख लेफ्टिनेन्ट कर्नेल प्रशान्त सिंह बघेलले भारतीय सरकारले नेपाल र नेपालीकालागि साथै सेवानिवृत्त सैनिकहरूलाई सहयोग गरिरहने बताए । भारत सरकारले सेवा निवृत्त सैनिकको आश्रित परिवारको शिक्षा र स्वाथ्य पहिलो प्राथमिकता रहेको पनि उनको भनाइ थियो। ७६औं गणतन्त्र दिवसको थीम "स्वर्णिम भारत विरासत और विकास" रहेको जानकारी गराउदै यस वर्षको थीममा समृद्ध भारत, सांस्कृतिक सम्पदाको वृद्धि र विकासलाई आधार मानिएको उनले बताए।

विकास संरचामा मात्रै आधारित नभई मानव विकास र स्वस्थ्य वातावरणमा हुर्कन र रम्न पाउने अधिकार पनिविकास भएको भन्दै यो अभियानमा सहभागी हुन लेफ्टिनेन्ट कर्नेल बगेलले सबैलाई अनुरोध गरे।

उक्त अवसरमा नेपालमा बसोबास गरिरहेका भूतपूर्व सैनिकहरुका लागि भारत सरकारको कल्याणकारी पहल समावेश गरिएको भूपू–२०२५ पत्रिकाको लोकार्पण गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि पाण्डेले उक्त पुस्तक विमोचन गरेका थिए। क्याम्पमा आयोजित नेपाल भारत मैत्री विद्यालय पोखराका विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम समेत प्रस्तुति प्रस्तुत गरेका थिए । सन् १९५० फेब्रुअरी २६ मा भारतमा गणतन्त्र घोषण भएको थियो।

ब्रिटिस उपनिवेशबाट १९४७ को अगस्ट १५मा स्वतन्त्र भएको भारतमा सन् १९५० को जनवरी २६ मा नयाँ संविधान जारी भएसँगै भारत सार्वभौम, लोकतान्त्रिक र गणतन्त्रात्मक राष्ट्र घोषित भएको थियो।

## हरियोखर्क अस्पतालमा विश्व कुष्ठरोग दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ



पोखरामा रहेको आई एन एफ नेपाल हरियोखर्क अस्पतालमा ७२ औँ विश्व कुष्ठरोग दिवस एक कार्यक्रमको आयोजना गरि मनाइएको छ । 'एकताबद्ध भई कुष्ठरोग अन्त्यको कार्यमा सहभागी हौ'भन्ने मूल नाराको साथमा ७२ औँ विश्व कुष्ठरोग दिवस मनाइएको हो।

कार्यक्रममा बोल्दै आई एन एफ नेपलका कार्यकारी निर्देशक कृष्ण बहादुर अधिकारीले आई एन एफको संक्षिप्त इतिहासको बारेमा बताउदै,कुष्ठरोग नियन्त्रण र रोकथामको लागि अस्पताल लागि परेको बताए। अधिकारीले नेपाल सरकारको शून्य कुष्ठरोग रणनीतिप्रति अस्पताल प्रतिबद्ध रहेको र चुनौतीका बाबजुत पनि सबैको साथ, सहयोग र साझेदारी मार्फत त्यो लक्ष्यमा पुग्न सकिने विश्वास व्यक्त गरे।

पोखरा महानगरपालिकाका वडा १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले रोग नियन्त्रणको लागि दुरदराज सम्म पुगेर जनचेतना फैल्याउन आवश्यक रहेको बताए । वडा अध्यक्ष बानियाँले रोग नियन्त्रण र उपचारमा अस्पतालले खेलेको भुमिका महत्वपूर्ण रहको उल्लेख गरे । प्रदेश स्वास्थ्य निर्देशनालयका क्षय कुष्ठ फोकल पर्सन गीता कुंवरले अझै पनि विश्वभर कुष्ठरोगबाट धैरै व्यक्ति प्रभावित भएको बताउदै, यसलाई नियन्त्रण गर्न सरकार तथा सबै सरोकारवाला निकायले तत्काल पहल र प्रतिबद्धता गर्न आवश्यक रहेको बताइन् । स्वास्थ्य कार्यलय कास्कीका प्रमुख रामबहादुर नेपालीले कुष्ठ रोगको चुनौति झनै बढ्को बताउदै न्युनिकरण,नियन्त्रण गर्न तिनै तहका सरकार, गैरसरकारी सस्था र समुदायको भूमिका महत्वपूर्ण रहको बताए।

आई एन एफ नेपालका कुष्ठरोग कार्यक्रम संयोजक याम बहादुर जिसीले अस्पतालले रोगको क्षेत्रमा गरेका कामहरुको बारेमा जानकारी दिएका थिए।

कार्यक्रममा आई एन एफ नेपालका मेडिकल सर्भिसेज डाइरेक्टर डा.अरुण कुमार बुढा, स्वास्थ्य कार्यलय कास्कीका क्षय कुष्ठ फोकल पर्सन लक्ष्मण बसौला,स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेल,स्वास्थ्य महाशाखा क्षय कुष्ठ फोकल पर्सन अर्जुन क्षेत्री,कुष्ठरोग निवारण संघ पोखराका अध्यक्षय सुवास तज्या,आइडिया नेपालका गण्डकी प्रदेश प्रमुख प्रेम


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गलत गर्ने जो सुकै भए पनि कारबाहीको दायरामा ल्याउनुपर्छ : महामन्त्री थापा

**रासस**
काठमाडौं, १३ माघ

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले देशमा गलत गर्ने जो सुकै भए पनि कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभएको छ।

भक्तपुरको बालकोटमा मीनकुमारी राणा प्रतिष्ठानले आइतबार आयोजना गरेको प्रतिमा अनावरण कार्यक्रममा महामन्त्री थापाले गलत गर्ने व्यक्ति जति नै शक्तिशाली भए पनि कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सरकार फेरिन सक्छ, तर विकासमा नीतिगत निरन्तरता चाहिन्छ : उपमहासचिव पुन

**रासस**
काठमाडौं, १३ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले विकास पूर्वाधार र तीव्र आर्थिक विकासका लागि नीतिगत निरन्तरता हुनुपर्ने बताउनुभएको छ। पूर्वअर्थ र ऊर्जामन्त्रीसमेत रहनुभएका पुनले राजनीतिक नेतृत्व फेरबदल हुँदैमा विकास र आर्थिक नीति परिवर्तन हुन नहुने बताउनुभयो। "हाम्रोजस्तो मिश्रित निर्वाचन प्रणाली भएको मुलुकमा सरकार फेरिरहन सक्छ," माओवादी केन्द्रको अर्थ तथा योजना विभागले आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "तर, नीतिगत निरन्तरता भयो भने नतिजा आउँछ।"


उपमहासचिव पुनले नीतिगत निरन्तरताकै कारण ऊर्जा र सिमेन्ट उद्योगमा नेपाल आत्मनिर्भर मात्र नभई क्षेत्रीय बजारमा समेत उपस्थिति जनाउन सफल भएको उदारहण प्रस्तुत गर्नुभयो । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्री भएका बेला २०६५ सालमा ऊर्जा क्षेत्रमा लगानीको स्रोत नखोज्ने, १० वर्षसम्म आयकरमा छुट दिने तथा पब्लिक, प्राइभेट, पार्टनरशिप (पिपिपी) मोडलमा आयोजना विकास गर्ने नीति ल्याएको र त्यही कारण 'लोडसेडिङ' अन्त्य भएर भारत हुँदै बङ्गलादेशसम्म विद्युत् निर्यात गर्ने वातावरण बनेको उहाँले उल्लेख गर्नुभयो। "अठार घण्टा लोडसेडिङ हुने अवस्थाबाट हामी अहिले बढी भएको बिजुली क्षेत्रीय बजार (भारत–बङ्गलादेश) मा निर्यात गर्ने अवस्थामा पुगेका छौँ", उपमहासचिव पुनले भन्नुभयो, "आन्तरिक उत्पादनले १५ प्रतिशत मात्र धानिरहेको नेपाली सिमेन्ट उद्योग अहिले आत्मनिर्भर भएर भारतीय बजारमा आफ्नो हिस्सा लिन सफल भएको छ ।" विकास आयोजनामा ढिलाइ हुनुमा सरकारलाई मात्र दोष दिनु गलत हुने उल्लेख गर्दै उपमहासचिव पुनले संसद्, कर्मचारीतन्त्र, निर्माण व्यवसायी, नियामक निकाय, न्यायालय, सञ्चारमाध्यम, विकास सम्बद्ध सरकारी एजेन्सी र आमजनता विकासमैत्री हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा सुशासन विधामा कलम चलाउँदै आउनुभएका पत्रारकारद्धय हरिबहादुर थापा र मकर श्रेष्ठले खोज पत्रकारिताको निस्कर्ष र छलफल शीर्षकमा आफ्नो प्रस्तुति प्रस्तुत गर्नुभएको थियो। यस्तै 'इन्स्टिच्युट फर गभर्नमेन्ट एन्ड पब्लिक अफेयर्स' (आइजिपिए) ले राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन स्थितिः प्रमुख निष्कर्ष र सुझावहरू तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले 'पूर्वाधार शासन र राष्ट्रिय गौरवका आयोजनाहरूः समस्या र सम्भावित समाधानहरूको पहिचान' विषयमा प्रस्तुतिकरण दिनुभयो। कार्यक्रमबाट सङ्घीय संसद्का दुवै सदनमा आयोजनाको अवस्था र सरकारका गलत कामकारबाहीबारे बोल्न सांसदहरूलाई सहयोग पुग्ने विश्वास लिइएको माओवादी केन्द्रले जनाएको छ।


**सार्वजनिक सेवा लिंदा ध्यान दिऊँ**

- ◆सेवाग्राहीले आफूले लिन चाहेको सेवाको वारेमा जानकारी राखौं,
- ◆सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- ◆आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- ◆सेवा लिन जाँदा कर्मचारीहरूसँग विनम्र व्यवहार गरौं,
- ◆कर्मचारीहरूलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- ◆कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- ◆सेवा प्रवाहसम्वन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखौं,
- ◆सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





# शिशा घिसिङ बनिन् मिस तामाङ पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

मिस तामाङ पोखराको उपाधी लेकसाइडकी शिशा घिसिङ तामाङले जितेकी छिन् । शनिबार पोखरा सभागृहमा भएको प्रतिस्पर्धामा १० जना प्रतियोगीलाई पछि पार्दै उनले मिस फ्रेण्ड्ली सबटाइटल सहित मिस तामाङ पोखराको ताज पहिरिएकी हुन् । प्रमुख निर्णायक नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले तामाङ समुदायलाई किन समृद्धशाली समुदाय भनिन्छ भनेर सोधेको प्रश्नमा अन्य उत्कृष्ट ५ प्रतिस्पर्धीभन्दा सर्वोत्कृष्ट उत्तरका साथ बाजी मारेकी हुन् ।

बैदाम तामाङ सेवा समाजको आयोजनामा भएको नवौं संस्करणको मिस तामाङ पोखरामा मिस पंक्चुवल सहित फर्स्ट रनरअप आकृति थिङ्ग तामाङ बनिन् । सोनिका मोक्तानले मिस पपुलर सहित सेकेण्ड रनरअप हुदा पुर्णिमा ब्लोन तामाङ मिस कल्चर सहित भ्युवर्स च्वाइस टाइटल जितिन् ।

प्रतियोगिताको विजेताले ताज, ट्रफी, प्रमाणपत्र सहित रु १ लाख नगद तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्राप्त गरेकीछिन् । फस्ट रनरअपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ प्राप्त



गरिन् । त्यस्तै सेकेण्ड रनरअपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पारिन् । भ्युवर्स च्वाइसका विजेताले नगद २० हजार पुरस्कार प्राप्त गरिन् । विजेता तथा उपविजेताहरुलाइ प्रमुख अतिथी गण्डकी प्रदेशसभा सदस्य पार्वती तामाङ, नेपाल तामाङ घेदुङ्गका केन्द्रिय उपाध्यक्ष दीपक वाइवा तामाङ, मिस तामाङ पोखरा २०२४ का विजेता रोशिला तामाङ, नेपाल चलचित्र विकास वोर्डका अध्यक्ष दिनेश डिसी, मिस नेपाल २००९ जेनिशा मोक्तान, नेपाल तामाङ घेदुङ गण्डकी प्रदेशका उपाध्यक्ष शिवु ब्लोन, नेपाल तामाङ घेदुङका केन्द्रिय सदस्य श्री सुजन ब्लोन तामाङ, बर्षा तामाङ, अर्पणा तामाङ, मोनिका तामाङ लगायतले पुरस्कार वितरण गरेका थिए । यसैगरि प्रतियोगितामा मञ्जिता पाख्रिनले मिस फोटोजेनिक, प्रिन्सेस घिसिङ तामाङले मिस कन्फिडेण्ट, पुर्णिमा थिंङ्ग तामाङले बेस्ट वक, सुनिता तामाङले ब्युटी विथ पर्पोज, सुप्रिया गोले तामाङले बेस्ट स्माइलको सबटाइटल जितिन् ।

यस्तै सुमिना तामाङले मिस ट्यालेण्ट, जमुना लामाले बेस्ट स्किन एण्ड हेयरको सबटाइटल जितिन् । सबटाइटल विजेताहरुलाई नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष भक्त तामाङ, नेपाल तामाङ घेदुङ पोखरा महानगरका कार्यबाहक अध्यक्ष अन्जना तामाङ, कोरियोग्राफर जिता तामाङ, अफिसियल फोटोग्राफर गणेश तामाङ, निर्णायकहरु गीतकार तीर्थ तामाङ, कलाकार जानुका बोहोरा लगायतले पुरस्कार वितरण गरेका थिए ।

यस अघि कार्यक्रमको उदघाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य पार्वती तामाङले यस्ता खालका कार्यक्रमले युवा पुस्तामा तामाङ जातीको भाषा, संस्कार र संस्कृतिको प्रर्वद्धन हुने बताए । कार्यक्रममा नेपाल तामाङ घेदुङ्गका केन्द्रिय उपाध्यक्ष दीपक वाइवा तामाङ, नेपाल चलचित्र विकास वोर्डका अध्यक्ष दिनेश डिसी, मिस नेपाल २००९ जेनिशा मोक्तान, कार्यक्रमका संयोजकमा पुर्व मिस तामाङ पोखरा रोश्मा ब्लोन तामाङ, सह संयोजक रोशिला तामाङ, राम लामा, जिता लामा, सन्चारकर्मी सन्जय मल्ल लगायतले बोलेका थिए । कार्यक्रमको निर्णायकरुमा नेपाल चलचित्र विकास वोर्डका अध्यक्ष दिनेश डिसी, मिस नेपाल २००९ जेनिशा मोक्तान, गीतकार तीर्थ तामाङ, कलाकार जानकी बोहरा, कमला गुरुङ रहेका थिए । गायक सोनाम मोक्तान, हास्य कलाकार राजेन्द्र नेपाली, युवराज भण्डारी लगायतले प्रस्तुती राखेका थिए । कार्यक्रम बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङको अध्यक्षतामा भएको थियो ।

# व्यापार मेलामा छुटको बहार

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

पोखरा ९, नयाँबजारमा जारी ३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा आइटी महोत्सवमा छुट नै छुटको व्यवस्था भएको आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघले जानकारी दिएको छ ।

संघका उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द बास्तोलाका अनुसार १२ औं क्यान इन्फोटेक तथा चौथो मोवाइल मेलासमेत समाहित गरिएको व्यापार मेलामा रहेको नेपाल टेलिकमको स्टलबाट निःशुल्क सिमकार्ड बितरणको व्यवस्था मिलाइएको छ । उनका अनुसार नागरिकताको फोटोकपी तथा व्यक्तिको फोटो ल्याउनासाथ स्टलबाटै सिमकार्ड उपलब्ध हुन्छ । 'यस्तै त्यहाँ राखिएका स्टलहरुबाट ल्यापटप तथा मोवाइल खरिद गर्दा ५० प्रतिशतसम्म छुट,सिसिटिभी क्यामेरा खरिदमा जडानसहित निःशुल्क,स्मार्ट बोर्ड खरिदमा किस्ताबन्दीको सुविधा,मोवाइल एक्चचेञ्ज अफरका साथै मर्मतमा पनि ५० प्रतिशत छुटको व्यवस्था छ,'उपाध्यक्ष बास्तोलाले भने,'दैनिक टिकटमा १० जनालाई बन्दीपुर केबलकारको टिकट तथा ५ जनालाई मोवाइल फोन नै प्रदान गरिएको छ ।' संघका महासचिव शोभा गौतमका अनुसार अलोकनकर्ताहरुका लागि टिकटक बनाउने प्रतियोगितासमेत मेलाअन्तर्गत नै आयोजना गरिएको छ । टिकटक बनाउने प्रतियोगितामा पहिलो हुनेले २० हजार, दोस्रोले १० र तेस्रो हुनेले ५ हजार बराबरको उपहार प्राप्त गर्ने पनि उनले जानकारी दिइन् । भ्यूअर्सको आधारमा विजेता छनोट गरिने छ । आइटी महोत्सवअन्तर्गत सूचना प्रविधिसम्बन्धी विभिन्न परियोजना, नयाँ प्रविधि तथा रोबोटहरु, विद्यार्थीहरुले दृष्टिविहीनहरुको लागि उपयोगी हुने सेन्सरसहितको छडी र विद्युतीय गाडीजस्ता प्रदर्शनीले पनि



मेलाको रौनकता थपेको प्रचार प्रसार उपसमिति संयोजक मनोहरि पौडेलले जानकारी दिए । आइटी मेलाअन्तर्गत नै वैदेशिक पलायन रोक्नको लागि परामर्शको व्यवस्थासमेत मिलाइएको उनले बताए । पोखरा उद्योग वाणिज्य संघको आयोजनामा माघ १० देखि संचालित मेलाको नेपाल उद्योग वीणिज्य महासंघ तथा महासंघ गण्डकी प्रदेश संरक्षक हो भने गण्डकी प्रदेश सरकार,पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले यसको प्रवर्द्धन गरेका छन् । 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मुल नाराका साथ आयोजित मेलामा संघले पोखरा औद्योगिक क्षेत्र उद्योग संघ,क्यान कास्की, नेपाल मोवाइल बितरक संघ गण्डकी र सिएसआइटी एसोसियसनसँग सहकार्य गरेको छ । यस्तै, मधेश प्रदेश सरकार, नेपालस्थित भारतीय राजदूताबास,स्वामी विवेकानन्द कल्चरल सेण्टर,पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा,कृषि विकास निर्देशनालय गण्डकीसँग पनि सहकार्य गरिएको संघका उपमहासचिव सुदीप श्रेष्ठले जानकारी दिए । मेलाको मुख्य प्रायोजकमा बाल्ट्रा होम एप्लाइन्सेस, सहप्रायोजकमा समृद्धि स्टिल्स,लक्ष्मी इन्टरकन्टिनेण्टल (हुण्डाइ),सुजल डेरीको सफल दूध र राष्ट्रिय वाणिज्य बैंक रहेका छन् । मुक्तिनाथ विकास बैंकले मेलाको मुलद्वार प्रायोजन गरेको छ भने कृषि विकास बैंक लिमिटेड स्टेज प्रायोजक रहेको छ । ग्लोबल आइएमइ बैंक लिमिटेड,गरिमा विकास बैंक लिमिटेड,नेपालबैंकलिमिटेड,माछापुच्छ्रे बैक लिमिटेड,ग्रिन डेभलपमेण्ट बैंक लिमिटेड,कामना सेवा विकास बैंक लिमिटेड,नेपाल टेलिकम,याक ब्रोइङ कम्पनी,गृहलक्ष्मी ग्यास कम्पनी प्रालि,डाबर नेपाललगायतले मेलामा प्रायोजकको भूमिका निभाएका छन् ।

युनाइटेड अजोड इन्स्योरेन्स प्रालि इन्स्योरेन्स पार्टनर, पोखरा इन्टरनेट प्रालि इन्टरनेट पार्टनर,खल्ती डिजिटल वालेट पार्टनर र यती एयरलाइन्स अभिसियल एयरलाइन्स पार्टनर रहँदा कर्माचार्य फुड एण्ड ग्रेन्स प्रालि,अन्नपूर्ण फुड एण्ड बेभरेज प्रालिको सोल्टी पानी, ,बागमती प्लाष्टिक, बन्दीपुर केबलकार,फिस्टेल ड्रिम पार्क प्रालिले विभिन्न विधामा सहकार्य गरेका छन् । मेलाको हस्पिटल पार्टनरमा मनिपाल अस्पताल तथा हस्पिटालिटी पार्टनरमा चौतारी बुटिक होटल प्रालि,कुटी रिसोर्ट र होटल गोवा प्यालेस रहेका छन् । आइतबार मेलामा वरिष्ठ लोकगायक प्रजापति पराजुलीसहित इन्द्रा गुरुङ,कमला सुनार,शिवहरि ढुंगाना,राजन कार्कीलगायतको प्रस्तुति रहेको थियो भने सोमबार चर्चित कलाकारहरु जीवन दाहाल, शंकरविरही गुरुङ,सुनिता नेपाली,कृष्णा गुरुङलगायतको प्रस्तुति रहने सांस्कृतिक उपसमितिका संयोजक ललित कुँवरले जानकारी दिए ।

# अलि मियाँको स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

लोक कवि अलि मियाँको स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता आइतबारदेखि सुरु भएको छ ।

पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएको उद्घाटन खेलमा ट्रिकर एफसी काउखोलाले जितेको छ । नेपाल मुस्लिम युथ समितिको सी टिमलाई ६-० गोलअन्तरले पराजित गर्दै ट्रिकरले खेल जितेको हो । यस्तै आजै भएको दोस्रो खेलमा एलसी ब्रदर्श लामाचौरले मिक्की एफसी रामबजारलाई २-१ को अन्तरमा जित निकाल्यो । प्रतियोगिता अन्तरगत सोमबार सात खेल हुने आयोजक समितिका सरशुल हकले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने



छन् । यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन् । नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म चल्ने छ । समितिका अध्यक्ष अब्बास अलिमियाँको अध्यक्षतामा भएको प्रतियोगिताको समाजसेवी दिपक गुरुङले रेफ्रीलाई बल हस्तान्तरण गरी उद्घाटन थिए । उद्घाटन कार्यक्रममा पोखरा महानगर वडानम्बर १३ का कार्यवाहक अध्यक्ष सुचित तामाङ, लोक कवि अलिमियाँ वाङ्मय प्रतिष्ठानका अध्यक्ष हाजी हनिफ मियाँ, मियापाटन मुस्लिम समाजका अध्यक्ष मौलाना क्रामुदीन मियाँ, मस्जिद अलअबसाका इमाम हुसेन मियाँ, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पदमराज ढकाल, इकवाल मिया लगायतले शुभकामना मन्तब्य राखेका थिए ।

# गलत गर्ने ...

दिनुभयो । देशमा विधिको शासन कायम हुनुपर्ने तथा सबै क्षेत्रमा सुशासन कायम हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "प्रत्येक दिन एउटा नयाँ काण्डका बारेमा चर्चा बाहिर आउँछ । जस्तोसुकै काण्ड आए पनि विधिको शासन हुनुपर्छ, खराब गर्ने मान्छे, गलत गर्ने मान्छे जुनसुकै जाति, धर्म र पार्टीको भए पनि कारबाही हुनुपर्छ । राष्ट्रपतिले गल्ती गरे पनि प्रधानमन्त्रीले गल्ती गरे पनि दण्ड पाउनुपर्छ । कानुनभन्दा माथि कोही छैन ।"

महामन्त्री थापाले गलत काण्ड गर्नेलाई यो वा त्यो बहानामा छोडिनु हुँदैन भन्दै यसो गरेमा मात्र विधिको शासन आउने, सुशासन कायम हुने तथा जनतामा विश्वास जाग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अब नेपालको एउटै मुद्दा हुनुपर्छ, जो प्रधानमन्त्री भए पनि प्रजातन्त्र जोगाउँछौँ । दायाँबायाँ हुन दिन्नौँ, यो व्यवस्था तलमाथि हुन दिन्नौँ । यो व्यवस्थाभित्र अब आत्मसम्मानका साथ जनताले गरिखानसक्ने अवस्था कसरी बनाउने भनेर लाग्नुपर्छ । यो कुरा देश चलाउने मान्छेले सोच्नुपर्छ, यसमै प्रतिस्पर्धा गर्नुपर्छ ।" कांग्रेसले यतिखेर २०८४ भनेर होइन, काम गरेर देखाउनुपर्ने महामन्त्री थापाले बताउनुभयो । देश चलाउनेले अब जनताको आयस्तर कसरी उकास्ने र देशभरका बेरोजगारलाई रोजगार कसरी दिने भनेर लाग्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा भक्तपुर क्षेत्र नं २ का सङ्घीय सांसद दुर्लभ थापा, नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठ, पत्रकार हरिहर बिरहीलगायतले कांग्रेसले समय खेर नफाली जनताको मन जित्ने गरी काम गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा कांग्रेस महामन्त्री थापाले स्व मीनकुमारी राणाको प्रतिमा अनावरण गर्नुका साथै प्रजातन्त्र सेनानी तिलकप्रकाश कायस्थ, वरिष्ठ पत्रकार श्री आचार्य, बक्सिङ खेलाडी प्रचण्ड शर्मालाई पुरस्कार एवं सम्मान प्रदान गर्नुभयो ।

# पोखरा १२ मा स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

पोखरा महानगरपालिका वडा नं १२ मा निःशुल्क प्रजनन् स्वास्थ्य शिविर तथा स्वास्थ्य सचेतना कार्यक्रम भएको छ ।

नेपाल परिवार नियोजन संघ कास्कीले पोखरा महानगरपालिका वडा नं १२ वडा कार्यालयको सहयोगममा कार्यक्रम गरेको हो । कार्यक्रमबाट शनिवार ५८ जना लाभान्वित हुनुभएको छ । एक सातासम्म वडा कार्यालयको सिफारिसमा संघको कार्यालयमा सम्पर्कमा आउनु हुनेलाई सेवा प्रदान गरिने छ ।

कार्यक्रमक उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले हरेक नागरिक आफ्नो स्वास्थ्य बारे सचेत हुनुपर्ने बताउनुभयो । उहाँले काम गर्नका लागि दृढ इच्छा शक्ति आवश्यक भएको उल्लेख गर्नुभयो । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले सरकारी तथा गैर सरकारी संस्थासँग सहकार्य गर्दै संघ अघि बढ्न चाहेको उल्लेख गर्नुभयो । उहाँले वडा अध्यक्ष बास्तोलाले नागरिकप्रतिको स्वास्थ्यमा गम्भिरता देखाएका कारण नै पोखरा १२ मा कार्यक्रमका गरिएको जानकारी दिनुभयो ।


नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा



भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १२ का वडा सदस्य शान्ति कोइराला, नेपाल परिवार नियोजन संघ कास्कीका बरिष्ठ शाखा प्रवन्धक नवराज तिवारी र स्त्री रोग विशेषज्ञ डा कालिका भण्डारी लगायतले बोल्नुभएको थियो ।

# हरियोखर्क ...

वास्तोला, आई एन एफ नेपालका प्यासेन्ट एड्भोकेट थम बहादुर गुरुङ,डा सुरज महर्जन लगाएतले बोलेका थिए । कार्यक्रममा आई एन एफ नेपालका कर्मचारी तथा अस्पतालमा उपचाररत सेवाग्राहीहरुको उपस्थिति रहेको थियो । यस्तै उक्त अस्पतालमा उपचाररत रहेका क्षयकुष्ठका बिरामीहरुलाई न्यानो कपडा पनि बितरण गरिएको थियो। मानव सभ्यताकै प्राचीन रोगहरु मध्येको कुष्ठरोग, विश्व स्वास्थ्य संगठनका अनुसार हाल पनि विश्वका १२० भन्दा बढी देशमा संक्रमण पाईने गरेको तथा वर्षेनी करिब २ लाख मानिसमा यो रोग देखिने गरेको छ । अस्पतालले हरेक बर्ष यो अवसर पारेर कार्यक्रम गदै आइरहेको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

**सम्पादकीय**

# निर्वाचन प्रणाली लोकतान्त्रिक बनाऊ

निर्वाचन प्रणालीका कारण कसैले बहुमत प्राप्त गर्न सकिँदैन भन्ने गरिन्छ । मिश्रित निर्वाचन प्रणालीबाट बहुमत ल्याउन मुस्किल पर्छ । दलहरूबीच संविधान संशोधन गर्न वहस चलिरहेछ । हाम्रो निर्वाचन प्रणालीलाई दोष दिएर दलहरूले आफ्ना कमजोरीलाई लुकाउन खोजेका छन।नेपाली उखान नाच्न जान्दैन आगन टेडो भने जस्तै अवस्था छ । जनभावनालाई नबुझेर चल्दा जुन जोगी आएपनि उस्तै भन्ने पारेको छ। दलहरूबीच गठबन्धन बदलिरहेका छन्, अनि सरकार फेरिरहेका छन् । त्यो दलहरूमा सर्वथा अभाव रहेको इमान्दारी र नैतिकताको कारण हो । तसर्थ निर्वाचन प्रणालीमा परिवर्तन गर्ने सन्दर्भमा त्यतापट्टिभन्दा अरू कमजोरी सुधारमै केन्द्रित हुनु श्रेयष्कर हुन्छ ।

'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छ । सरकारले अब यसलाई आउँदो संसद् अधिवेशनमा पेस गर्ने तयारी छ । विधेयकले मुलुकको राज्यसत्तामा महिलाको अग्रगामी प्रतिनिधित्वको परिकल्पना गरेको देखिन्छ। जस्तो कि प्रत्यक्ष निर्वाचनका उम्मेदवार नै दलहरूले ३३ प्रतिशत महिला उम्मेदवार बनाउने प्रस्ताव अत्यन्तै स्वागतयोग्य छ। पालिकाहरूको प्रमुख, उपप्रमुखको उम्मेदवारी दिँदा एउटा पदमा मात्रै दिने हो भने दलहरूले महिलालाई नै उम्मेदवार बनाउनुपर्ने प्रस्ताव पनि उपयुक्त छ। जस्तो कि गठबन्धन गरेका दलहरूले एकएक पद लिएर उम्मेदवार दिई प्रमुख र उपप्रमुख दुवैमा पुरुषको मात्रै प्रतिनिधित्व धेरैतिर भएको छ । पहिला दिएर पछि खोस्ने काम पश्चगमन हो । त्यसलाई रोक्न कानुन नै चाहिन्छ ।

निर्वाचनमा देखिएका थुप्रै कमजोरी सुधार गर्न नयाँ कानुनले योगदान दिने अपेक्षा गर्न सकिन्छ। ५० प्रतिशतभन्दा बढी मतदाताले उम्मेदवारलाई समर्थन गर्न नचाहेको मत पनि जाहेर गरे पुन निर्वाचन गर्ने व्यवस्था जनपक्षीय हुनेछ र सीमित उम्मेदवारमध्येबाट रोज्नै पर्ने बाध्यताबाट मुक्ति मिल्नेछ । निर्वाचनको मिति ४ वर्ष ११ महिनाको अवधि सकिएपछिको आइतबार गर्ने प्रस्तावले पनि निर्वाचनको सुनिश्चितता गर्नेछ ।

भ्रष्टाचारमा संलग्न, फौजदारी कसुरमा दोषी ठहरिएका र कर तिर्न बाँकी व्यक्तिलाई उम्मेदवार बन्नबाट रोक्ने प्रावधानले राजनीतिक प्रणालीप्रति नै विश्वास जगाउनेछ। निर्वाचन खर्च पारदर्शी बनाउने र तोकिएको खाताबाट मात्रै खर्च गर्नुपर्ने व्यवस्था, उम्मेदवारले पहिल्यै सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थाले पनि निर्वाचनलाई थप स्वच्छ बनाउने अपेक्षा गर्न सकिन्छ । लोकतन्त्रलाई बलियो बनाउने हो भने स्वच्छ निर्वाचन गराउन सक्नुपर्छ । दलहरूबीच निर्वाचन कानुनलाई लोकतान्त्रिक र स्थिरता दिन कानुन नै स्पष्ट र वलियो बनाउनु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रपति रनिङ शिल्ड विद्या निकुञ्जलाई

पोखरापत्र संवाददाता
तनहुँ, १३ माघ

तनहुँमा भानु नगरपालिका स्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । भानु-९ काउरेटारस्थित खेलमैदान भएको उक्त प्रतियोगितामा भानु-१२ बयापानीस्थित विद्यानिकुञ्ज माध्यमिक विद्यालयले उपाधि जितेको छ । विद्या निकुञ्जले ६ स्वर्ण, एक रजत र दुई कास्य पदक प्राप्त गरेको छ । यस्तै भानु-९ डुम्रीखर्कस्थित कालिका माध्यमिक विद्यालय पाँच स्वर्ण, ६ रजत र चार कास्यसहित द्वितीय तथा भानु-९ बाइसजागरस्थित कर्मदा माध्यमिक विद्यालय चार स्वर्ण र तीन रजत पदक प्राप्त गर्दै तृतीय भएको छ । प्रतियोगितामा २४ विद्यालय सहभागी थिए । विद्या निकुञ्जले रनिङ शिल्डसहित नगद रु २५ हजार, ट्रफी र प्रमाणपत्र पाएको छ । त्यसैगरी कालिकाले रु २० हजार तथा कर्मदाले रु १५ हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा विजेता विद्यालय तथा खेलाडीलाई नगरप्रमुख आनन्दराज त्रिपाठी, उपप्रमुख उमा गोतामे, भानु नगरशिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख ध्रुवराज पौडेललगायतले पुस्कार प्रदान गर्नुभयो ।

# नेत्री आचार्यको निधन

पोखरापत्र संवाददाता
तनहुँ, १३ माघ

नेपाल महिला सङ्घ तनहुँकी पूर्वसभापति शशि आचार्यको निधन भएको छ । उहाँको ८२ वर्षको उमेरमा शनिबार राति ८ः४५ बजे निधन भएको हो ।

व्यास नगरपालिका-३ निवासी आचार्य केही समयदेखि अस्वस्थ हुनुहुन्थ्यो । उहाँको आज दमौलीस्थित मादीसेती घाटमा अन्तिम संस्कार गरिने जनाइएको छ । आचार्यले महिला हक अधिकार र उत्थानका लागि अतुलनीय योगदान गर्नुभएको थियो ।

आचार्यको निधनप्रति विभिन्न दलका नेताहरुले दुःख प्रकट गर्नुभएको छ । नेकपा (एमाले) राष्ट्रियसभाका प्रमुख सचेतक भगवती न्यौपानेले लोकतान्त्रिक आन्दोलनमा अमूल्य योगदान पुऱ्याउनुहुने आचार्यको निधनले अत्यन्त मर्माहत भएको उल्लेख गर्दै परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ। नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य, संविधानसभा सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाले राजनीतिक र महिला आन्दोलनमा उल्लेखनीय योगदान गर्नुभएकी आचार्यको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद शङ्कर भण्डारीले आचार्यको निधनले नेपाली कांग्रेसलाई क्षति पुगेको उल्लेख गर्नुभयो । लोकतन्त्र प्राप्तिको आन्दोलनमा उहाँले पुऱ्याएको योगदान सधैं उच्च रहने भण्डारीको भनाइ छ ।

# डेढ करोड लगानीमा कागतीखेती



पोखरापत्र संवाददाता
बागलुङ, १३ माघ

बसाइँसराइका कारण रित्तिँदै गएको गाउँमा बागलुङ नगरपालिका-१४ बलेवाका किसानले व्यावसायिक कागतीखेती गर्न थालेका छन् । किसानले समूह बनाएर साढे दुई सय रोपनी जग्गा भाडामा लिएर कागतीखेती सुरु गरेका हुन् ।

बलेवाका ५२ किसानले झाडीले ढाकिएको खेतीयोग्य जमिन सदुपयोग गरी कागती लगाएका छन्। विसं २०७७ देखि 'चासो कृषक समूह'ले सुरु गरेको कागतीखेती फस्टाउन थालेको छ । कागतीखेती गर्न रु एक करोड ५० लाखभन्दा बढी लगानी भएको समूहका अध्यक्ष केशव सुवेदीले जानकारी दिनुभयो । गत वर्षदेखि नै कागती उत्पादन हुन थालेको उहाँको भनाइ छ। यस वर्ष झण्डै रु पाँच लाखको बिक्री गरेको अध्यक्ष सुवेदीले बताउनुभयो । कागतीखेतीका लागि कृषि ज्ञान केन्द्रले रु छ लाख र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले रु १५ लाख अनुदान दिएको थियो । किसानले झण्डै रु एक करोड ३० लाख लगानी गरेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो। गाउँका नागरिक सेवा र सुविधाको खोजीमा बजार झर्न थालेपछि खेतीयोग्य जमिनको सदुपयोगका लागि कागतीखेती सुरु गरेको उहाँको भनाइ छ। अध्यक्ष सुवेदीका अनुसार हाल कागती बगानमा चार हजार बिरुवा हुर्किरहेका छन् । गाउँमा बाँदर आतङ्क बढ्दा अरु खेती गर्न छाडेर कागती खेती गरिएको हो । कागतीखेती गरेपछि बाँदर आतङ्क केही कम भएको छ। बर्सेनि उत्पादन बढ्दै जाने र आम्दानी पनि बढ्ने छ। यस वर्ष रु पाँच लाखको कागती बागलुङ, कुश्मालगायत बजारमा बिक्री भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङका प्रमुख नारायण पौडेलले दुई वर्षदेखि उक्त कृषक समूहलाई प्राविधिक सहयोग र आर्थिक अनुदान दिँदै आएको बताउनुभयो । विसं २०७९ मा चक्लाबन्दीका लागि रु १० लाख र गत वर्ष कागती ग्रेडिङ तथा भण्डारणका लागि रु पाँच लाख सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख पौडेलले भन्नुभयो, "अन्य किसानका लागि पनि यो अध्ययन केन्द्र बन्न सक्छ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले दुई वर्षदेखि निरन्तर सहयोग गर्दै आएको छ। विषादी र अन्य प्राविधिक सहयोग गरेका छौं, बोटले विस्तारै फल दिन थालेपछि किसान पनि उत्साहित छन् ।

# मगर भाषा र संस्कृति जोगाउन प्रशिक्षण

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ माघ



मगर समुदायको भाषा र संस्कृति जोगाउन युवायुवतीलाई प्रशिक्षण गरिएको छ । 'भाषा, कला, सङ्गीत एवम् संस्कृतिको संरक्षण तथा संवर्धन गरौं' भन्ने मुल नारा सहित स्याङ्जाको गल्याङ्मा मगर भाषा 'अक्खा लिपि' प्रशिक्षण गरिएको हो । नेपाल मगर संघ गल्याङ् र गल्याङ् प्रज्ञा प्रतिष्ठानको आयोजनामा र गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा मगर समुदायको लोपोन्मुख भाषाको संरक्षणका लागि पौष २१ गतेदेखी माघ १२ गतेसम्म संचालन गरिएको थियो ।

मगर समुदायको बाहुल्यता रहेको स्याङ्जाको गल्याङ नगरपालिका यो प्रशिक्षण गरिएको थियो । स्थानीय भाषा र संस्कृतिलाई दिगोरुपले जोगाईराख्न यो प्रशिक्षण महत्वपुर्ण भुमिका खेल्ने विश्वास गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए । मगर भाषाको संरक्षणका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानले महत्वपूर्ण सहयोग गरेको भन्दै नगर प्रमुख भट्टराईले मगर समुदायले यो तालिमको भरपुर उपयोग गरी आफ्नो कला, संस्कृति र भाषा जोगाउन अगुवाहरुले ध्यान दिनुपर्ने बताए । प्रशिक्षणमा सहभागीहरुलाई मगर भाषा तथा 'अक्खा लिपि'का बारेमा प्रशिक्षक गुमबहादुर रानाले सहजिकरण गरेका थिए । मगर भाषाको संरक्षण तथा प्रबर्द्धनका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हो ।

झण्डै १९ दिनको प्रशिक्षणबाट मगर समुदायको अक्खा लिपिमा सहज भएको सहभागीहरु आनन्द मगर पार्वती मगरले बताएका छन् । कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिब मनकुमार श्रेष्ठले स्थानीय भाषा र संस्कृति जोगाउन गण्डकी प्रज्ञा प्रतिष्ठान लागिरहेको बताए । गण्डकी प्रदेशभित्र रहेका विभिन्न जातजातीको कला, संस्कृति र भाषा जोगाउने गरी कार्ययोजना तयारी गरिरहेको श्रेष्ठले बताए । आफ्ना बालवालिकालाई पनि आफ्नो संस्कृतिमा लाग्न सम्वन्धित समुदायको पनि कर्तव्य रहने भन्दै सदस्य सचिव श्रेष्ठले सबैको भाषाभाषी जोगाउनुपर्नेमा जोड दिए । गल्याङ नगर प्रबक्ता तथा वडा नम्बर तीनका वडा अध्यक्ष कृष्णप्रसाद भट्टराई, गल्याङ नगर शिक्षा समिति सदस्य चन्द्र राना, सुबेदार यौबहादुर राना, सुबेदार चन्द्रबहादुर रखालीमगर, नेपाल मगर संघ गल्याङ नगर समितिका अध्यक्ष कुमार राना, गल्याङ प्रज्ञा प्रतिष्ठानका अध्यक्ष चण्डिकाप्रसाद भट्टराई, प्रतिष्ठानका सचिव मिलन समिरि लगायतले सबै समुदायको कला, संस्कृति र भाष जोगाउन तीनैतहका सरकारहरु लाग्नुपर्ने सुझाव दिएका थिए ।

गल्याङ प्रज्ञा प्रतिष्ठानको आयोजनामा सञ्चालन भएको प्रशिक्षणमा ४० जना प्रशिक्षार्थी सहभागी थिए । कार्यक्रममा गल्याङ नगरपालिका ११ भाटीमा रहेको फेर्चनम खान महिला समूहबाट मगर सांगितक प्रस्तुती गरिएको थियो ।

# तेस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप पुरुष तथा महिला भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ




माछापुच्छ्रे गाँउपालिका खेलकुद विकास समितिको आयोजनामा पर्यटकीय क्षेत्र धम्पुसमा तेस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता-२०८१ हुने भएको छ ।

माछापुच्छ्रे गाँउपालिका वडा नं.७ धम्पुसको व्यवस्थापन र माछापुच्छ्रे गाँउ पालिका भलिबल संघको समन्वयमा फागुन १४ देखि १७ गते सम्म उक्त प्रतियोगित हुने आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । स्थानिय स्तरबाट खेलाडि उत्पादन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागेको तेस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिताको गण्डकी प्रदेश भित्रका सम्पूर्ण पालिकालाई पत्रचार गरि वढि भन्दा वढि सहभागिता जनाउने लक्ष्य रहेको माछुपुच्छ्रे गाँउ पालिका अध्यक्ष मिनबहादुर गुरुङले जानकारी दिए । प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितीय पुरस्कार १ लाख र सेमी फाइनलमा उपविजेता दुइ टिमलाई ५०/५० हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ। त्यसैगरी महिला तर्फ प्रथम पुरस्कार १ लाख, द्धितीय पुरस्कार ५० हजार र सेमी फाइनलमा उपविजेता दुई टिमलाई २५/२५ हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ । पुरुष तथा महिला भलिवलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर सर्भर र प्रशिक्षकलाई पालिकाको लोगो अंकित खेलकुद पोशाक पुरुस्कार प्रदान गरिने छ । प्रतियोगिता सम्पन्न गर्नका लागि माछापुच्छ्रे गाँउपालिकाले १३ लाख रुपैया विनियोजन गरेको अध्यक्ष मिन बहादुर गुरुङले जानकारी दिए । यो प्रतियोगितामा सहभागित टिमले दुई जान वाहिरी खेलडि राख्ने पाउने व्यवस्था मिलाईएको छ । 'यो प्रतियोगितामा दुई जान वाहिरी खेलाडी पनि राख्ने व्यवस्था मिलाइएकोले राष्ट्रिय स्तरका खेलाडी पनि प्रतियोगितामा सहभागिता जानउने छन्' अध्यक्ष गुरुङले भने, 'राष्ट्रिय खेलाडीको सहभागित हुने भएकोले प्रतियोगिता थप रौनकता छाउने हामीले विश्वास लिएका छौ ।' यस वर्ष देखि महिला भलिबल प्रतियोगिता पनि समावेश गर्ने भएकोले प्रतियोगितामा अझै वढि रौनकता थपिने माछापुच्छ्रे गाँउ पालिकाकी उपाध्यक्ष सिता अधिकारीले जानकारी दिइन् ।

'धम्पुस परिचित एक पर्यटन गाँउ हो' उपाध्यक्ष अधिकारीले भनिन्,'पर्यटकी गाँउमा गरिएको यो प्रतियोगिताले पर्यटन सँगै खेल क्षेत्रको प्रवर्द्धन गर्न पनि मद्धत मिल्ने हामीले विश्वास लिएका छौ ।' माछापुच्छ्रे गाँउ पालिका वडा नं. ७ का वडा अध्यक्ष बैकुण्ठ प्रसाद अधिकारीले प्रतियोगिता अवधिभर यस क्षेत्रमा भएका होटल व्यवसायसँग समन्वय गरी सहुलियत प्याकेज ल्याउने योजना रहेको सुनाए । उनका अनुसार एक रातमा धम्पुस साना ठुला ४० होटलमा १ हजार जान सम्म राख्न सकिने छ । प्रतियोगिता बढि भन्दा बढि टिम सहभागिता गराउनका लागि टिम शुल्क निशुल्क गरेको माछापुच्छ्रे गाँउपालिका खेलकुद विकास समितिकोका सदस्य सचिव हुमबहादुर गुरुङले जानकारी दिए । माछापुच्छ्रे गाँउपालिका भलिवल संघका अध्यक्ष राम पुनले गण्डकी प्रदेश भित्रका पालिकामा पत्राचार भए पनि खेलाडीली जानकारी नहुदा प्रतियोगितामा सहभागि कम हुने गरेको गुनासो खेलाडी बाटै आउने गरेको बताए । दोस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८० मा बौदीकाली गाँउपालिका नवलपुर प्रथम, र गल्कोट नगरपालिका बाग्लुङ दोस्रा भएको युवा तथा खेलकुद शिक्षा शाखाका प्राविधिक सहायक विष्णु प्रसाद अधिकारीले जानकारी दिए ।


## विमालेख हरायो

यहि मिति २०८१/०९/०५ गते वाटुलेचौरबाट महेन्द्रपुल जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन

नामः समन कुँवर
विमालेख नं. ४०१००००५६४
सम्पर्क नं.
९८०६५६१४६४, ०६१-५५३६५२

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI 0005864 | कर्म छोजुम गुरुङ | लो-घेकर दामोदर कुण्ड-५, मुस्ताङ |

# ‘व्याण्डहरुको राजधानी पोखरा’को विरासत फर्काउन ‘व्याक टु नाइन्टिज’ हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ




व्याण्डहरुको राजधानी पोखरामा ‘व्याक टु नाइन्टिज’ विरासतलाई फर्केर हेर्दा कार्यक्रम हुने भएको छ।

पोखरा सांगीतिक कलाकार संघ नेपालले गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा यहि माघ २६ गते शनिबार साँझ ५ बजेदेखि १० बजेसम्म पोखरा प्रदर्शनी केन्द्र नयाबजारमा ‘ व्याक टु नाइन्टिज’ विरासतलाई फर्केर हेर्दा कार्यक्रम गर्न लागेको आयोजकले आइतबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी गराएको हो।

कार्यक्रममा नब्बेको दशकमा उदाएर राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याती कमाउन सफल ७ वटा व्याण्डहरुले प्रस्तुती दिने गण्डकी प्रज्ञा प्रष्ठिानका सदस्य सचिव तथा सो कार्यक्रमका संयोजक मनकुमार श्रेष्ठले जानकारी दिए। उनका अनुसार कार्यक्रममा कन्दरा (विवेक श्रेष्ठ), डि-मर्चा व्याण्ड (भाष्करध्वज श्रेष्ठ), लेकाली व्याण्ड (नवीन गुरुङ र भाई गुरुङ), देउराली व्याण्ड (शान्त बज्राचार्य), ब्रोसिस व्याण्ड (प्रकाश राना), मध्याह्न व्याण्ड (कर्णदास र कुमार गुरुङ) तथा भेगाबोण्ड व्याण्ड (श्यामसुङ तामाङ)को प्रस्तुती रहनेछ । व्याण्डहरुको राजधानी पोखराको विरासत फर्काउनेगरी कार्यक्रम गर्न लागिएको आयोजक पोखरा सांगीतिक कलाकार संघ, नेपालका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले बताए । कुनैबेला पोखरा व्याण्डहरुको राजधानी थियो। ९० को दशकमा पोखराका व्याण्डहरुले देश, विदेशमा आफ्नो कला र संगीतमार्फत ध्यान तानेको थियो,उनले भने,‘समय अन्तरालमा आ-आफ्नो व्यस्तता र बाध्यताले गाँज्दा यो पहिचान बिस्तारै सुस्ताउँदै गयो। तर फेरी एकपटक जुर्मुराउने बेला आएको अनुभूति भएपछि त्यहि विरासत फर्काउनका लागि यो कार्यक्रम गर्न लागेका हौं।’ उनले संगीतमार्फत विश्वको ध्यान फेरी एकपटक पोखरामा तान्न कार्यक्रम कोशेढुंगा सावित हुने उनको विश्वास छ। सुसुप्त अवस्थामा रहेका पुराना सांगीतिक व्याण्डहरुको पुर्नजागरण गर्ने र नया पुस्तालाई संगीतमा लागेरपनि भविष्य बनाउन सकिन्छ भन्ने सन्देश दिदै यसतर्फ आकर्षित गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको संघका सचिव भाष्करध्वज श्रेष्ठले बताए । पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएपनि व्यवहारिक रुपमा लागु नभइरहेको सन्दर्भमा यस कार्यक्रममार्फत पोखरा पर्यटनको राजधानी हुन डिजर्भ छ भन्ने सन्देश दिनु हो,उनले भने,‘ कार्यक्रममार्फत पोखरालाई रिब्राण्डिङ गर्ने, गीत, संगीतको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, गीत, सङ्गीतमार्फत् निराशाको निवारण र आशाको धुन सञ्चार गर्ने, कुलत र दुर्व्यसनबाट जोगिन युवालाई संगीतको माध्यमबाट सन्देश दिने, राष्ट्रिय एकताको भावनालाई बलियो बनाउँदै सद्भावको पक्षपोषण गर्नुपनि कार्यक्रमको उद्देश्य हो ।’ कार्यक्रममा सहभागिले आफूलाई ९० को दशकमा फर्किएर आफू हुर्किएको समय, परिवेश र माया, पिरती साट्दाको समयसँग रिलेट गर्न सक्ने संघका निवर्तमान अध्यक्ष सुनिल थापाले बताए। उनले भने,‘जसले परिवारसँगको माया थप प्रगाढ बनाउन तथा आफ्नो सन्ततीलाई त्यो समयबारे भन्ने अवसर सिर्जना गर्नेछ।’ कार्यक्रम सम्पन्न गर्न गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठको संयोजकत्वमा ५०१ सदस्यीय मूल आयोजक समिति गठन भएर तयारी शुरु भइसकेको कार्यक्रमका प्रचारप्रसार संयोजक सन्देश श्रेष्ठले जानकारी दिए।

# चित्रे भञ्ज्याङ पोखरा सम्पर्क मञ्चको १६औं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ




चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च, कास्कीको १६औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

गण्डकी प्रदेश सांसद सुधिर पौडेल प्रमुख अतिथि रहनु भएको कार्यक्रम मञ्चका अध्यक्ष बुद्धिराम लम्सालको अध्यक्षता सम्पन्न भएको थियो । सो अवसरमा प्रदेश सांसद पौडेलले मञ्चले गरेका हरेक क्रियाकलापले चित्रेभञ्ज्याङको चिनारी गरेको बताउनुभयो। यसका लागि चित्रे भञ्ज्याङ क्षेत्रमा रहेका हरेक सांस्कृतिक, धार्मिक क्षेत्र र पर्याटकीय स्थल पछाडि परेको हुदाँ यसलाई बढी महत्वका साथ विकास गरी अगाडि ल्याउनु पर्ने बताउनुभयो । पौडलले सम्पर्क मञ्चलाई आवश्यकता अनुसार सहयोग गर्ने पनि बताउनु भयो।

सोही अवसरमा सांस्कृतिविद डा. तुलसीराम खनालले चित्रे भञ्ज्याङको सांस्कृति, धार्मिक लागायत त्यस क्षेत्रको रितिरिवाज आफुलाई मन परेको र यसलाई बचाई राख्नुपर्ने पनि बताउनुभयो । मुख्यतह त्यस क्षेत्रको कौह्रा नृत्यबाट आफू प्रभावित भएको पनि बताउनु भयो।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष क्या. नरेश थापा, पोखरा विश्व विद्यालयका प्रशासकीय अधिकृत टोलमाया थापा, जिल्ला अदालत स्याङ्जाका भूमिप्रसाद पोखेल, दिन बहादुर बर्कारी राना, डील कुमार भूजेल लगायतले बोल्नु भएको थियो । कार्यक्रममा मञ्चका अध्यक्ष बुद्धिराम लम्सालले मञ्चको भावी नीति, योजना तथा हाल भएको गतिविधिका बारेमा बताउनु भएको थियो। सो अवसरमा संस्थाको वार्षिक प्रगति प्रतिवेदन संस्थाका सहसचिव चन्द्रा थापा, कोषाध्यक्षको प्रतिवेदन कान्त बहादुर थापाले प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा जेष्ठ नागरिक तथा विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । संस्थाका उपाध्यक्ष सु. पूर्णबहादुर थापाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको संचालन सचिव रुद्र सन्देश मगरले गर्नु भएको थियो। कार्यक्रममा लाईभ कोह्रा नृत्य प्रस्तुत गरि अतिथिहरुलाई मनोरञ्जन प्रदान गरिएको थियो।

# टाइगर कप राष्ट्रिय भलिबल प्रतियोगितामा घरेलु टोली गण्डकी पुलिससँग पराजित

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ




शनिबारदेखी पोखरामा सुरु भएको ‘टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगिता’मा पुरुषतर्फ घरेलु टोली गण्डकी प्रदेश विभागीय टोली नेपाल पुलिस क्लबसँग पराजित भएको छ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आइतबार भएको प्रतिस्पर्धात्मक खेलमा गण्डकीको टोली पुलिस क्लबसँग ३-२ को सेटमा पराजित भयो । पहिला दुई सेट गुमाएको गण्डकीले तेस्रो र चौथो सेटमा उत्कृष्ट पुनरागमन गरे पनि पाँचौं सेटमा सम्हालिन नसक्दा खेल गुमाउनुपर्‍यो। पुलिसले पहिलो सेट २५-२२ र दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको थियो । गण्डकीले तेस्रो सेट २५-१९ र चौथो सेट २५-१४ ले जितेको थियो । पाँचौं सेटमा गण्डकीले सुरुआती अग्रता जोगाउन नसक्दा खेल १५-१० ले गुमाउनुपर्‍यो । यसैगरी आजको अर्को खेलमा पुरुषतर्फ त्रिभुवन आर्मी क्लबले सशस्त्र प्रहरी बल एपिएफलाई सोझो सेटमा पराजित गरेको छ । आर्मीले पहिलो सेट २५-१८, दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो । पुरुषतर्फको पहिलो खेलमा भारतको सुनिल भलिबल क्लबले साविक विजेता टिपटप हेल्प नेपाललाई ३-१ को सेटमा पराजित गरेको थियो। आजै भएको पहिलो खेलमा महिलातर्फ आयोजक टोली टाइगर ग्रुप अफ पोखराले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। आयोजक टोलीले आर्मीलाई पहिलो सेट २५-१४, दोस्रो सेट २५-११ र तेस्रो सेट २५-२१ ले पराजित गर्‍यो। यसअघि शनिबार प्राविधिक कारणले खेल स्थगित भएपछि आज पुनः गराइएको थियो। प्रतियोगितामा अब लिग चरणका खेलहरू हुनेछन्। पहिलो खेलमा जित निकाल्ने टोली र पराजित हुने टोलीलाई छुट्टाछुट्टै लिग खेलाइने प्रतियोगिताका संयोजक रामकृष्ण ज्ञवालीले बताउनुभयो।

# सन्तोष पाण्डेको अध्यक्षतामा कोरियन भाषा संघ नेपालको पहिलो राष्ट्रिय भेला

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



नेपालमा कोरियन भाषा सिकाउने संस्थाहरु संगठित भएका छन्।

पोखरामा दुई दिनसम्म प्रथम राष्ट्रिय भेला गरेर उनीहरु संगठित भएका हुन । भेलाले सन्तोष पाण्डेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। समितिको उपाध्यक्षमा जगन्नाथ न्यौपाने, नारायण थापा (निसान्त), सपराज राइ, सचिवमा योजेन्द्र वाग्ले, सह सचिव हरि कँडेल, उदयराम जैसी, रुद्र फुँयाल रहेका छन भने कोषाध्यक्षमा टंक प्रसाद चयन भएका छन्।

यसैगरी सदस्यमा जयराम आचार्य, यामप्रसाद पाण्डे (आशिष), जीवन कुमारी राई, सुशील प्रसाद कुसवाहा र प्रकाश नेपाली रहेको निर्वाचन मण्डलका संयोजक रामचन्द्र लामिछानेले जानकारी दिएका छन् । कोरियन भाषा प्रशिक्षण गराउने संस्थाको क्षमता बिकास गर्ने, हकहितको संरक्षण गर्ने तथा कोरियन भाषा प्रशिक्षणलाई व्यवस्थित बनाउने उद्देश्यले नयाँ कार्यसमिति चयन गरिएको नवनिर्वाचित उपाध्यक्ष नारायण थापा (निसान्त)ले बताए । अध्यक्षमा चयन भएपछि पाण्डेले सबैलाई समेटेर संस्थालाई अगाडि बढाउने बताए । आफ्नो ध्यान सबैको अपनत्व हुने संघको बिकास गर्ने प्रतिबद्धता व्यक्त गर्दै पाण्डेले सबैको सल्लाह र सुझाव अनुसार चल्ने बताए । आयोजक संस्था कोरियन भाषा संघ नेपालका अनुसार नेपालमा २ सय भन्दा बढी कोरियन भाषा प्रशिक्षण केन्द्र संचालित रहेको नवनिर्वाचित अध्यक्षले जानकारी दिए।

राष्ट्रिय भेलाको उद्घाटन विश्व भाषा क्याम्पस कोरियन भाषा विभाग प्रमुख थानेश्वर बन्जाडेले गरेका थिए।

सो अवसरमा उनले कोरियन भाषा प्रशिक्षण केन्द्रले पुर्‍याएको योगदानको प्रसंसा गरेका थिए।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ कालामाटीमा कर्ण गुरुङको घर माथि कठ्यौरी पहिरो रोकथामको लागि कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : कर्ण गुरुङको घरमाथि कठ्यौरी पहिरो रोकथाम**
**उपभोक्ता समितिको नामः कर्ण गुरुङको घर माथि कठ्यौरी पहिरो रोकथाम उपभोक्ता समिति, पोखरा-२२, कास्की**
**योजना सम्झौता मिति : २०८१/०८/२३**
**योजना सुरु हुने मिति : २०८१/०८/२४**
**योजना सम्पन्न मिति : २०८१/१२/३०**
**महानगरपालिका बाट प्राप्त : ५,००,०००/-**
**जनसहभागीता : ८९,१३१/८७**
**योजनाको कुल लागत : ५,८९,१३१/८७**

**बोधराज बराल**
**अध्यक्ष तथा**
**कर्ण गुरुङको घर माथि कठ्यौरी पहिरो रोकथाम उपभोक्ता समिति, पोखरा-२२, कास्की**

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/२६ मा दर्ता भएको प्रा.लि. द. नं २४०३४५/७७/७८ को जियो प्लानेट रिसर्च सेन्टर प्रा. लि. कम्पनीको मिति २०८१/१०/११ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खरेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटर को कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन । कानुन बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालय**
**रमेश हरि अधिकारी (इजाजत नं. १४७)**
**सम्पर्क ९८०५६७६७१०**

## Government of Nepal
## Ministry of Energy, Water Resources and Irrigation
## Department of Water Resources and Irrigation
## Irrigation And Water Resources Management Project
## Pokhara, Kaski

## Re-Invitation for Sealed Quotation

**(Only for E-Bids)**

**Publication Date: 2025-01-27 A.D. (2081-10-14 B.S.)**

Irrigation And Water Resources Management Project, Kaski invites electronic Sealed Quotation under e-procurement system from eligible bidders. For more information please visit www.bolpatra.gov.np/egp or Project Office.

| SN | Works Descriptions | Contract ID | Bid Doc. Fee (NRs) | Estimated Amount (Including PS &Vat) NRs. | Bid Security Amount NRs. | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Rcc canal Linning works on Begnas Malmul Phant Sinchai Yojana, Pokhara-32, Kaski | IWRMP-KASKI/ BEGNAS-MALMUL/SQ/ WORKS/01- 081/082 | 1000 | 19,15,453.58 | 43,000.00 | 45 Days/75 days from last date of bid submission |

Last date and time of Bid Submission: 2081-10-29 B.S. (11 Feb 2025) 12:00 Noon at IWRMP

Bid Opening date and time: 2081-10-29 B.S. (11 Feb 2025) 13:00 Hours at IWRMP

**Project Chief**